# लक्ष्मीपुर पतारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
महेशपुर पतारी, सिरहा
मधेश प्रदेश, नेपाल
फोन नं. ............, ईमेल: laxmipurpatari@gmail.com


प. सं. : २०८१/८२
चलानी नं. : 9329

मिति : २०८१।११।०२

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

श्री यो जो जससँग सम्बन्धित छ।

सिरहा जिल्ला लक्ष्मीपुर पतारी गाउँपालिका वडा नं. ५ अन्तर्गत श्री जनता आधारभूत विद्यालय सिसवामा रिक्त रहेको प्रा.वि. तहको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनी विद्यालयको च.नं. ४३ मिति २०८१।१०।१३ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय , स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका , २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च :

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना yadavtripitlal@gmai.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

.................. २०८१/११/०२

अशोक कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:

श्री शिक्षा विकास तथा समन्वय इकाइ , सिरहा।

श्री जनता आधारभूत विद्यालय सिसवा ,लक्ष्मीपुर पतारी गाउँपालिका वडा नं. ५, सिरहा।